कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**मिति २०७९/०९/०६ गते बसेको नियमित मासिक कर्मचारी बैठकका निर्णयहरुः**

१. यस नगरपालिका अन्तर्गतका सबै शाखा, उपशाखा, वडा कार्यालय एवं स्वास्थ्य संस्थाहरुले योजना तथा कार्यक्रम गर्दा प्रचलित सार्वजनक खरिद ऐन नियमावली एवं कोहलपुर नगरपालिकाको प्रशासकीय कार्यविधि (खर्च मापदण्ड नियमित गर्ने) नियमावली, २०७९ बमोजिम प्रस्तावना, प्रतिवेदन हुने गरी गर्ने । .

२. सार्वजनिक सुनुवाई एवं अर्धवार्षिक समिक्षा लागि सबै शाखा एवं वडा कार्यालयहरुले प्रगति विवरण सहित तयारी गर्ने । नगर सभामा पेश गर्ने आ-आफ्नो शाखासँग सम्बन्धित विवरणहरु सबै शाखाहरुले तयार गर्ने ।

३. यस नगरपालिकाको आन्तरिक लेखा परिक्षण कार्यका लागि सबै शाखा, उपशाखा एवं वडा कार्यालयमा कार्यरत सम्बन्धित कर्मचारीले आन्तरिक तथा महालेखा परिक्षकको कार्यमा लेखा परिक्षण गर्ने कार्यमा सहयोग गर्ने ।

४. नगर प्रहरीको समन्वयमा हुने काम कारवाहीमा नगर प्रहरी प्रमुख सँग सल्लाह समन्वय गरी कार्य गर्ने ।

५. कतिपय वडाबाट टोल विकास संस्थाको विवरण हालसम्म पनि प्राप्त नभएकाले बाँकी वडाहरुले टोल विकास संस्था गठन गरी सो को विवरण यथाशिघ्र सामाजिक विकास शाखामा उपलब्ध गराउने ।

६. यस नगरपालिका भित्रका विभिन्न शाखा/ उपशाखा एवं वडा कार्यालयहरुबाट शुरु नै हुन नसकेका योजना तथा कार्यक्रमहरुको विवरण उपलब्ध गराउने । सम्पन्न गर्न नसकिने वा संशोधन गर्नुपर्ने योजना तथा कार्यक्रम भए नगरसभा बाट संशोधन गर्नुपर्ने भए उक्त कार्यक्रमहरुको विवरण यथाशिघ्र उपलब्ध गराउने ।

७. सबै कर्मचारीहरुले कर्मचारी आचरण अनुसारको कार्यालय समयमा तोकिएको पोशाक एवं परिचय पत्र अनिवार्य प्रयोग गर्ने, कर्मचारीले पालना गर्नुपर्ने आचरणको पालना गर्नुपर्ने। सो कार्य भए नभएको विषय अख्तियारवालबाट नियमित अनुगमन गरी दण्ड एवं पुरस्कारको दायरामा ल्याउने।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

८. गत आ.ब. २०७८/०७९ मा यस नगरपालिकाबाट भए गरेका कामहरुको विवरण स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा विवरण प्रबिष्टी गर्ने प्रयोजनार्थ सबै शाखा/ उपशाखा एवं वडा कार्यालयका सम्बन्धित कर्मचारीहरुले यथाशिघ्र ७(सात) दिनभित्र सूचना प्रविधी शाखामा विवरण उपलब्ध गराउने ।

९. नगर कार्यपालिकाको कार्यालयबाट हुने निर्णयहरु/ सूचना तथा जानकारीहरु, परिपत्रहरु सम्पूर्ण कर्मचारीले नगरपालिकाको वेवसाईट https://kohalpurmun.gov.np/, फेसबुक पेज https://www.facebook.com/kohalpurmun र नगरपालिकाको मेसेन्जर ग्रुप कोहलपुर न.पा. आन्तरिक सञ्चार मा दिनहुँ अद्यावधिक रहने ।

१०. प्रमुख प्रशासकीय अधिकृतबाट विभिन्न विषयमा जानकारी एवं निर्देशन भयो ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत